# खेलकुद विकासका लागि सहयोग तथा अनुदान कार्यविधि, २०८१

बागमती प्रदेश सरकार

**युवा तथा खेलकुद मन्त्रालय**

**प्रदेश खेलकुद विकास परिषद्**

बागमती प्रदेश, हेटौंडा, नेपाल

बागमती प्रदेश, नेपाल
युवा तथा खेलकुद मन्त्रालय
हेटौंडा, नेपाल

# खेलकुद विकासका लागि सहयोग तथा अनुदान कार्यविधि, २०८१

**प्रस्तावनाः**

प्रदेश खेलकुद विकास परिषद्, बागमती प्रदेशको आ.व. २०८१/८२ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत "संघ संस्था क्लब तथा आयोजकलाई खेल आयोजना अनुदान" शिर्षकमा विनियोजित बजेट व्यवस्थित र प्रभावकारी रुपमा कार्यान्वयन गर्न,

प्रदेश विनियोजन ऐन, २०८१ को दफा (११) को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाइएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "खेलकुद विकासका लागि सहयोग तथा अनुदान कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भए पश्चात लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "क्लब" भन्नाले खेलकुद क्लबलाई सम्झनुपर्छ ।

(ख) "खेल आयोजना" भन्नाले खेलकुद प्रतियोगिता, तालिम, प्रशिक्षक प्रशिक्षण कार्यक्रमको आयोजनालाई सम्झनुपर्छ ।

(ग) "खेलकुद गतिविधि" भन्नाले खेलकुद प्रतियोगिता, तालिम, प्रशिक्षण, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहभागिता लगायतका गतिविधिहरूलाई सम्झनुपर्छ ।

(घ) "खेलाडी" भन्नाले खेलकुद क्षेत्रमा संलग्न व्यक्तिलाई सम्झनुपर्छ ।

(ङ) "परिषद्" भन्नाले प्रदेश खेलकुद विकास परिषद्लाई सम्झनुपर्छ ।

(च) "प्रतिष्ठान" भन्नाले खेलकुद गतिविधि गर्ने प्रतिष्ठानहरुलाई सम्झनुपर्छ ।

(छ) "प्रदेश" भन्नाले बागमती प्रदेशलाई सम्झनुपर्छ ।

(ज) "मन्त्रालय" भन्नाले खेलकुद विषय हेर्ने मन्त्रालयलाई सम्झनुपर्छ ।

(झ) "सदस्य" भन्नाले परिषद्का सदस्यहरूलाई सम्झनुपर्छ ।

(ञ) "सदस्य-सचिव" भन्नाले परिषद्को सदस्य-सचिवलाई सम्झनुपर्छ ।

(ट) "समिति" भन्नाले प्रदेश खेलकुद विकास ऐन तथा नियमावली बमोजिम गठन हुने जिल्ला खेलकुद विकास समितिलाई सम्झनुपर्छ ।

## परिच्छेद-२

## उद्देश्य

३. **कार्यविधिका उद्देश्यहरूः** यस कार्यविधिका देहायका उदेश्यहरु रहनेछन्:-

(क) खेलकुद कार्यक्रमका लागि प्रदान गरिने सहयोग तथा अनुदानलाई पारदर्शी, मितव्ययी तथा व्यवस्थित बनाउने,

(ख) सहयोग र अनुदानमार्फत खेलकुद विकासको गतिविधिहरूलाई चलायमान बनाउँदै खेल संस्कृतिको विकास गर्ने,

(ग) खेलकुदको विकासका लागि योगदान पुऱ्याउने खेलाडी, प्राविधिक तथा खेल गतिविधि सञ्चालन गर्ने संघसंस्थाहरूलाई सहयोग गर्ने ।

## परिच्छेद-३

## छनौट सम्बन्धी शर्त र आधारहरु

४. **छनौट हुने संघसंस्थाहरु:** यस कार्यविधि बमोजिम सहयोग वा अनुदान प्रदान गर्दा खेलकुद विकास एवं प्रवर्द्धनसँग सम्बन्धित देहायका संघ, संस्थालाई प्रदान गरिनेछ :-

(क) स्थानीय तह

(ख) क्लब

(ग) संस्था

(घ) प्रतिष्ठान

(ङ) खेलकुदसँग सम्बन्धित तालिम तथा प्रशिक्षण

(च) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता वा कार्यक्रममा प्रदेशको प्रतिनिधित्व गर्ने संस्था

५. **छनौटका आधारहरू:** (१) संघ, संस्था छनौटका आधारहरू देहाय बमोजिम हुनेछन्:-

(क) संघ, संस्था, प्रतिष्ठानले पेश गरेको प्रस्तावना पत्र ।

(ख) खेल क्षेत्रमा खेलाडी उत्पादन, प्रशिक्षण, प्रतियोगिता सञ्चालन मार्फत खेल संस्कृतिको विकासमा योगदान पुऱ्याएका खेल सरोकारवाला संघ संस्थाहरू सम्बन्धित संघ संस्थाको विधानमा बमोजिम हुनुपर्नेछ ।

(ग) विगत वर्षमा प्राप्त अनुदान रकमबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको प्रतियोगिताको आयोजना गर्दा टिम तथा खेलाडी पुरस्कार रकम आकर्षक भएको त्यस्ता संघ-संस्था, प्रतिष्ठानहरूलाई प्रतियोगिताको निरन्तरताका लागि अनुदान रकम उपलब्ध गराउँदा प्राथमिकता दिईनेछ ।

(घ) माथि उल्लेखित खेल सम्बद्ध सरोकारवाला निकायहरुले प्रतियोगिता सञ्चालनमा जम्मा यथार्थ खर्चको कम्तिमा २०% प्रतिशत आर्थिक दायित्व बहन गर्नुपर्नेछ ।

६. **छनौट तथा मुल्याङ्कन समिति:**

(१) खेलाडी, क्लब, संघ-संस्था, प्रतिष्ठान, तालिम प्रशिक्षण तथा सेमिनार प्रदायकले पेश गरेको कागजात, प्रस्तावना-पत्र लगायत अन्य कागजातहरूको अध्ययन गरी अनुदान उपलब्ध गराउन सिफारिस गर्ने देहाय बमोजिमको एक छनौट तथा मुल्याङ्कन समिति रहनेछ:-

| | | |
|---|---|---|
| (क) | सदस्य-सचिव, परिषद् | -संयोजक |
| (ख) | प्रतिनिधि, मन्त्रालय | - सदस्य |
| (ग) | तालिम प्रतियोगिता तथा खेलकुद शाखा प्रमुख, परिषद् | - सदस्य |
| (घ) | संयोजकले तोकेको दुई जना खेल विज्ञ | - सदस्य |
| (ङ) | आर्थिक शाखा प्रमुख, परिषद् | - सदस्य |
| (च) | कार्यालय प्रमुख, परिषद् | - सदस्य-सचिव |

(२) छनौट समितिको बैठक आवश्यकता अनुसार बस्ने र नियमानुसारको बैठक भत्ता पाउनेछ ।

(३) संघ संस्थालाई अनुदान रकम उपलब्ध गराउँदा देहायको मुल्याङ्कनका आधारमा संघ संस्था छनौट गरिनेछ ।

(क) प्रदेशको प्राथमिकताको खेल

(ख) प्रतियोगिताको स्तर

(ग) प्रतियोगिताको अवधि

(घ) पुरस्कार राशी

(ङ) सहभागी टिम

(च) खेलाडी उत्पादन

७. ***आवश्यक कागजातहरू:*** अनुदान माग गर्ने संघ संस्थाले देहायका कागजात पेश गर्नुपर्नेछ ।

(क) अनुसुची-१ बमोजिमको निवेदन,

(ख) अनुसुची-२ बमोजिमको प्रस्तावना पत्र,

(ग) क्लब/संस्था दर्ता तथा नविकरण भएको प्रमाणपत्र,

(घ) पान दर्ताको प्रमाणपत्र,

(ङ) प्रतियोगिता आयोजना गर्ने बैठकको निर्णय तथा स्वीकृत खर्च विवरण,

(च) अघिल्लो आ.व.को लेखापरीक्षण प्रतिवेदन,

(छ) सम्बन्धित संघ-संस्था, प्रतिष्ठानको अनुदान माग गरेको निर्णयको प्रतिलिपि,

(ज) सूचनामा माग गरेका अन्य कागजातहरु ।

८. **सहयोग तथा अनुदान रकमः** सहयोग तथा अनुदान रकम देहाय बमोजिमका आधारमा प्रदान गरिनेछः-

१. प्रदेश खेलकुद विकास नियमावली, २०७६ मा प्राथमिकताको खेलको सूचीमा रहेको खेलहरूको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताको हकमा बढीमा रू. २० लाख सम्म।

२. अन्य खेलकुद प्रतियोगिताको हकमा बढीमा रू. १५ लाख सम्म ।

३. तालिम, प्रशिक्षण तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहभागिताका लागि बढिमा रू. ५ लाख सम्म ।

४. अनुदान उपलब्ध गराउँदा संघ/प्रदेश/स्थानीय तहसँग दोहोरो नपर्ने गरी अनुदान रकम दिनुपर्नेछ। दोहोरो सुविधा लिएको पाइएमा सरकारी बाँकी सरह अशुलउपर गरिनेछ ।

५. अघिल्लो आर्थिक वर्षहरुमा समेत विभिन्न शीर्षकमा अनुदान/सहयोग/प्रोत्साहन रकम पाएका संस्था/क्लबलाई पटक पटक अनुदान/सहयोग/प्रोत्साहन उपलब्ध गराइने छैन । तर वार्षिक रुपमा प्रतिस्पर्धात्मक खेलकुद आयोजना गर्ने खेलकुद संघ संस्थाको हकमा यो व्यवस्था लागु हुने छैन ।

बागमती प्रदेश, नेपाल युवा तथा खेलकुद मन्त्रालय

परिच्छेद-४

## सहयोग तथा अनुदान व्यवस्थापन

९. **सहयोग तथा अनुदान खर्च प्रक्रियाः** सहयोग तथा अनुदान प्रदान गर्दा देहायका प्रक्रिया अवलम्बन गर्नुपर्नेछ ।

१. छनौट भएका संघ-संस्था, क्लब, प्रतिष्ठान, तालिम प्रशिक्षण तथा सेमिनार प्रदायकले परिषद्सँग सम्झौता गर्नुपर्नेछ ।

२. सहयोग तथा अनुदान रकम सम्बन्धित अनुदानग्राहीको खातामा कार्यक्रम सम्पन्न प्रतिवेदन प्राप्त भएपछि भुक्तानी गरिनेछ ।

३. कार्यक्रम खर्च वापत ५० प्रतिशत रकम पेश्की वापत उपलब्ध गराउन सकिनेछ ।

४. खेलकुद गतिविधिको आयोजना तथा प्रतियोगितामा सहभागिताको क्रममा भएका आर्थिक कारोबारहरूको प्रतिलिपि, प्रति, बिल भरपाईहरु, खरिद आदेश, दाखिला प्रतिवेदन, खर्च निकासा एकिन गरेपश्चात अनुदान रकम भुक्तानी गरिनेछ ।

५. सहयोग तथा अनुदान रकमको लेखापरीक्षण नियमानुसार हुनेछ । साथै लेखापरीक्षण प्रतिवेदन अनिवार्य रूपमा चालु आ.व. समाप्तिको ९० दिनभित्र परिषद्मा पेश गर्नुपर्नेछ ।

परिच्छेद-५

## विविध

१०. **अनुगमन गरी निर्देशन दिन सक्ने:**

(१) खेलकुद गतिविधिहरूको आयोजना, सञ्चालन तथा सहभागिताका शिलशिलामा परिषद्ले आवश्यकता हेरी कार्यक्रम स्थलमा स्थलगत अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ र सो निर्देशनको पालना गर्नु सम्बन्धित सहयोग्राही वा अनुदानग्राहीको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमनमा खटिने पदाधिकारी तथा कर्मचारीले अनुसूची-३, बमोजिम प्रतिवेदन दिनेछ ।

(३) उपदफा (१) बमोजिम अनुगमनमा खटिने पदाधिकारी तथा कर्मचारीले नियमानुसार सेवा सुविधा प्राप्त गर्ने छन् ।

(३) अनुगमन तथा बैठक भत्ता तथा प्रशासनिक खर्चका लागि अनुदान रकमको १०% प्रतिशत सम्मको रकम विनियोजन गर्न सकिनेछ ।

११. **प्रतिवेदन पेश गर्नुपर्ने:** सम्बन्धित सहयोग्राही वा अनुदानग्राहीले कार्यक्रम सम्पन्न भएको प्रतिवेदन अनिवार्यरूपमा भुक्तानी माग दाबी गर्ने समयमा पेश गर्नुपर्नेछ । कार्यक्रमका स्पष्ट देखिने फोटोहरू तथा भिडियो समेत प्रतिवेदनसाथ पेश गर्नुपर्नेछ ।

१२. **बाधा अड्काउ फुकाउने:** यस कार्यविधिको कार्यान्वयन गर्ने क्रममा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ ।

१३. **कार्यविधिमा संशोधन:** यस कार्यविधिको कुनै दफा वा उपदफामा संशोधनको आवश्यकता परी संशोधन गर्न परेमा आर्थिक दायित्व पर्ने विषय भए आर्थिक मामिला तथा योजना मन्त्रालयको राय सहमति लिइ मन्त्रिस्तर निर्णयद्वारा मन्त्रालयले गर्नेछ ।

यवा तथा खेलकुद मन्त्रालय
बागमती प्रदेश, नेपाल
हेटौंडा, नेपाल

अनुसूची-१

मितिः ..........................

श्रीमान् सदस्य-सचिवज्यू
प्रदेश खेलकुद विकास परिषद्
बागमती प्रदेश, हेटौंडा ।

विषयः **सहयोग/अनुदान रकम सम्बन्धमा** ।

उपर्युक्त सम्बन्धमा "खेलकुद विकासका लागि सहयोग तथा अनुदान कार्यविधि,२०८१" बमोजिम तपसिलमा उल्लेख भए बमोजिमको खेलकुद गतिविधि/प्रतियोगिता/सहभागिताका लागि यसै साथ संलग्न प्रस्तावना पत्र बमोजिम कार्यक्रम गर्नुपर्ने भएकोले आवश्यक रकम सहयोग/अनुदान स्वरूप उपलव्ध गराइदिनुहुन अनुरोध गर्दछु ।

तपसिलः
व्यक्ति वा संस्थाको पुरा नामः
कार्यक्रम/ प्रतियोगिताको नामः
सहयोग/अनुदान आवश्यकताको कारणः
कार्यक्रम संचालन वा सहभागिताको समयावधिः

निवेदन साथ संलग्न कागजातहरू:

१. ..........................
२. ...........................
३. .......................

निवेदक
हस्ताक्षरः ....................................
नाम थरः ...................................
पदः ..............................
सम्बन्धित निकायको नामः............
आधिकारिक छापः........

बागमती प्रदेश, नेपाल
युवा तथा खेलकुद मन्त्रालय
हेटौंडा, नेपाल

<u>अनुसूची-२</u>

## प्रस्तावना-पत्रको ढाँचा

१. कार्यक्रम वा प्रतियोगिताको नामः

२. प्रस्तावित कार्य्रकम/ प्रतियोगिता वा सहभागिताको विस्तृत विवरणः

३. कार्यक्रमको उद्देश्यः

४. लक्षित समूहः

५. सञ्चालन गरिने क्रियाकलापहरूको विवरणः

६. कार्यक्रम/सहभागिता अवधिः

७. अनुमानित लागत अनुमान

   क. स्थानीय तहबाट प्राप्त हुने रकमः

   ख. साझेदार संस्थाहरूबाट प्राप्त हुने रकमः

   ग. व्यक्ति वा संस्थाको आफ्नो लगानीः

   घ. परिषद्बाट माग रकम विवरणः (Break down सहित)

   ङ. अन्य निकाय वा दाताबाट प्राप्त हुने रकमः

बागमती प्रदेश, नेपाल
युवा तथा खेलकुद मन्त्रालय

## अनुसूची-३

## प्रतिवेदनको ढाँचा

### ........................ को प्रतिवेदन

१. पृष्ठभूमिः ..........................................................................................
..........................................................................................

२. अनुगमन टोली प्रमुखः ................................पद..................कार्यालय....................

३. अनुगमन अवधिः .......................... देखि .........................

४. अनुगमनको उदेश्यः (१)
(२)
(३)

५. अनुगमनबाट देखिएको मुख्य मुख्य व्यहोराः
(१)
(२)
(३)

६. दिएका सुझावहरू तथा निर्देशन :
(१)
(२)
(३)

७. सिकाइ तथा उपलब्धिः

८. अनुगमन पुष्टि गर्ने संलग्न कागजातको विवरणः
(१)
(२)
(३)

९. अनुगमन गर्ने पदाधिकारीहरुः

| क्र.स. | नाम | पद | कार्यालय | दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |